निर्णयहरू:-

**निर्णय नं. १**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं.- ५, थामेका वाढि पिडितसँग पिडितहरुको अन्यत्र घर आवास नभएको स्वघोषणापत्र, वडा कार्यालयको सिफारिस र विपदवाट प्रभावित घर परिवारलाई अस्थायी आवास निर्माण अनुदान मापदण्ड २०८१, समेतका आधारमा यथाशिघ्र अस्थायी आवास निर्माण सम्झौता गर्ने ।

**निर्णय नं. २**

वैकल्पिक उर्जा प्रवद्वन केन्द्र वाट प्राप्त प्राविधिक ड्रईङ डिजाईन र लागत अनुमान अनुसार पाङवोचे, सोमारे, दिङवोचे, फेरुचे, लवुचे र छुक्कुम आदी क्षेत्रमा विद्युत वितरण लाईन निर्माणको लागत अनुमान स्वीकृत गर्ने र तत्काल खरिद प्रक्रिया अगाडि वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. ३**

खुम्बु पासाङल्हामु गाउँपालिकाको क्षेत्रभित्र हेलिकप्टर उडान गर्दा तपसिल वमोजिमको न्यूनतम मापदण्डका आधारमा मात्र हेलि संन्चालनको व्यवस्था मिलाउन नागरिक उड्डयन प्राधिकरण र अन्य सम्बन्धित निकायमा सहयोग र समन्वयका लागि लेखि पठाउने ।

क. आपतकालिन उद्धारका हकमा उडान स्थलमा रहेका स्वास्थ्य संस्थावाट अनिवार्य रुपमा सिफारिस लिनुपर्ने , उक्त उडानमा स्वास्थ्यकर्मी अनिवार्य हुनुपर्ने र लुक्ला स्थित पासाङल्हामु निकोलनिकी अस्पतालमा परीक्षण गराई अन्यत्र उपचारका लागि जानुपर्ने भएमा अस्पतालको सिफारिस अनिवार्य रुपमा लिनुपर्ने ।

ख. माउन्टेन फ्लाईट हकमा यस पालिका भित्र लुक्ला हेलिप्याडमा मात्र अवतरण गर्नुपर्ने ।

ग. ढुवानी फ्लाईटको हकमा यात्रुहरु आवतजावत गर्न नपाईने ।

**निर्णय नं. ४**

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं.-४ मा निर्माण हुने दिङवोचे प्रहरी चौकी निर्माण ऐ. पालिकाको ऐ.वडाको सोमारेमा जग्गा प्राप्त गरी निर्माण गर्ने व्यवस्था मिलाउनका लागि सम्बन्धित निकायहरुमा लेखी पठाउने ।

निर्णय नं. ५

खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं.-५ थामेमा वाढिका कारण क्षतिग्रस्त भएको विद्यालय र स्वास्थ्य क्लिनिकको भौतिक संरचना थामेतेङमा पुन निर्माण गर्नका लागि प्राविधिक ड्रईङ डिजाईन र लागत अनुमान तयार गरी गाउँपालिकामा पेश गर्नका लागि हिमालयन ट्रष्ट नेपाललाई सहमति प्रदान गर्ने ।

निर्णय नं. ६

विपद व्यवस्थापन कोषवाट तपसिल वमोजिमका आयोजना संन्चालन गर्न प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान गर्ने ।

क. स्याङमा जाने वाटो मर्मत सम्भार रु. १,४६,४००/-

ख. ठमोवाट सम्दे जाने वाटो निर्माण रु. ९,७५,०००/-

ग. थामे ,साम्दे खानेपानी रु. ९,२६,२५०/-

घ. पाङवोचे देखि सोमारे जाने वाटो निर्माण रु. ११,५०,०००/-

निर्णय नं.७

ङिमदोर्जी पर्यटन सडक ट्याक खोल्ने कार्य उद्धघाटनको अवसरमा उक्त सडक निर्माणमा विशिष्ट योगदान पुर्याउने व्यत्तित्वहरुलाई पुरस्कार सहित सम्मानको व्यवस्था मिलाउने ।

निर्णय नं. ८

सल्लेरी देखि ङिमदोर्जी पर्यटन सडकको खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं.-२ सुर्के सम्मको भाडा निर्धारणको लागि जिल्ला प्रशासन कार्यालयमा लेखि पठाउने ।

निर्णय नं. ९

थामे वाढीको प्रभावका कारण क्षति पुगेको खुम्बु विजुलि कम्पनीको दिगोपनामा देखिएको समस्याका कारण उक्त कम्पनीको प्रशारण क्षेत्रमा राष्ट्रिय प्रशारण लाईन पुर्याउन अति आवश्यक देखिएको, यस गाउँपालिकावाट नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरी पठाईएकाले यस गाउँपालिकाको वडा नं.-३ मन्जो खोलामा निर्माण गर्न लागिएको मन्जो खोला मिनिहाईड्रो लिमिटेडले विद्युत वितरण गर्ने प्रस्तावित क्षेत्रमा समेत विद्युतको राष्ट्रिय प्रशारण लाईन जोडिने भएकोले उक्त क्षेत्रमा विद्युत उत्पादन

तथा विस्तारका लागि तत्काल यस पालिकावाट लगानी गर्न नसकिने वेहोराको पत्र मन्जो खोला मिनिहाईड्रो लिमिटेडलाई लेखि पठाउने र सोको वोधार्थ वैकल्पिक उर्जा प्रवद्वन केन्द्र ताहाचाल, काठमाण्डौ समेतलाई समेत दिने ।

**निर्णय नं. १०**

शाखागत प्रस्तुतिका आधारमा आ.व. २०८१/८२ को प्रथम चौमासिक अवधिको कार्य प्रगति सन्तोषजनक पाईयो । कार्यन्वयन हुन वाँकी योजना तथा कार्यक्रमहरु यथाशिघ्र कार्यन्वयन गर्ने, टोला विकास संस्थासँग हालसम्म पनि सम्झौता हुन नसकेका योजनाहरु अन्य खरिद विधिवाट तत्काल अघि वढाउने ।

**निर्णय नं. ११**

यस गाउँपालिका भित्र कार्यालय नै स्थापना गरी उडान व्यवसाय सन्चालन गरी रहेका हेलिकप्टर कम्पनीहरुलाई पटक पटक व्यवसायमा लाग्ने करको वाँकी वक्यौता वुझाउन अनुरोध गर्दा समेत व्यवसाय करको वक्यौता नवुझाउने हेलिकप्टर कम्पनीहरुलाई यस पालिकावाट भुक्तान गर्ने विलवाट कट्टा गरी रकम भुक्तानी गर्ने । यसरी कट्टा गरिने विल रकम असोज मसान्त भन्दा अगाडिको भएमा जरिवाना छुट समेतको हिसाव गरी मिलान गरिदिने र वक्यौता वाँकी रहने हेलिकप्टर कम्पनीहरुलाई रकम समेत उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्ने । वाँकी वक्यौता उठाउने कार्यमा सहयोगको लागि नेपाल नागरिक उडयन प्राधिकरण र मातहत लुक्ला शाखालाई समेत अनुरोध गरी पत्राचार गर्ने ।

**निर्णय नं. १२**

प्रोप्राईटर श्री मागेश्वर राईको सोलोमन कन्स्ट्रक्सन र प्रोप्राईटर श्री जाङवु शेर्पाको करेलुङ कन्स्ट्रक्सनलाई घ वर्गको ईजाजतपत्र प्रदान गर्ने ।